# पर्यटनसंग सम्बन्धित स्वीकृत बार्षिक कार्यक्रम कार्यान्वयन कार्यविधि

आ.व.२०७८/०७९

प्रदेश सरकार

सुदूरपश्चिम प्रदेश

**उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय**

धनगढी,कैलाली

## Contents


१. पर्यटन पूर्वाधार विकास तथा अन्य सार्वजनिक निर्माण संग सम्बन्धित योजनाहरू........................................4

२सुदूरपश्चिम प्रदेशको पर्यटकिय स्थलको प्रचारप्रसारको ला.गि वृतचित्र निर्माण........................................5

३पर्यटन प्रवर्द्धनका लागि पत्रकारहरुलाई खसड भ्रमण कार्यक्रम. ........................................5

४.विश्व पर्यटन दिवस मनाउने........................................6

५.पर्यटन प्रवर्द्धनको लागि साइक्लिङ् ........................................6

६.पर्यटन व्यवसायीहरुको समन्वयात्मक भ्रमण कार्यक्रम ........................................6

७पर्यटन व्यवसायीहरुलाइ टुर प्याकेज निर्माण तालिम. ........................................7

८होमस्टे संचालन सम्बन्धी प्रशक्षण कार्यक्रम. ........................................7

९.चिसापानी कैलाली, त्रिनगर नाका कैलाली, दार्चुला सदरमुकाम तथा गड्डाचौकी नाका कन्चनपुरमा पर्यटकीय सूचना सहितको डिस्प्ले बोर्ड स्थापना........................................8

१०.वातावरण संरक्षण तथा पर्यटन प्रबर्द्धन सम्बन्धी सन्देशमुलक भित्तेलेखन ........................................8

११निजी क्षेत्रको सहकार्यमा पर्यटक सहायता कक्ष स्थापना र संचालनचिसापानी कैलाली) , गड्डाचौकी कन्चनपुर, त्रिनगर नाका कैलाली( ........................................8

१२.प्रदेश पर्यटन गुरूयोजनाले सिफारिस गरेका महत्वपूर्ण आयोजनाहरूको डि.पि.आर.निर्माण ........................................9

१३.पर्यटन प्रबर्द्धन ब्यवस्थापन प्रणाली Web and Mobile app खरीद निर्माण ........................................9

१४. विशेषज्ञवाट लिइने परामर्श सेवा (विज्ञ र सल्लाहकार सेवा) ........................................9

१५विभिन्न अध्ययन ., अनुसंधान, योजना तयारी, डितयारी आदि .आर.पि. ........................................9

१६संघीय सरकार प्रदेश ) कन्चनपुर जिल्लाको महेन्द्रनगर स्थित मजगाउँ विमानस्थलको मर्मत सम्भार . (र र स्थानीय सरकारको त्रिपक्षीय साझेदारीमासरका ........................................9

१७सुदुरपश्चिम प्रदेशको प्रदेश पर्यटन गुरुयोजना निर्माण ठेक्काको बाँकि भुक्तानी . ........................................10

अनुसूची १ ........................................11

अनुसूची २ ........................................11

प्रदेश सचिव

## पृष्ठभूमि

प्राकृतिक, साँस्कृतिक, धार्मिक, ऐतिहासिक तथा साहसिक दृष्टिकोणबाट नेपाल विश्वकै एक प्रमुख पर्यटकीय गन्तव्यको रुपमा रहेको छ भने सुदूरपश्चिम प्रदेशमा समेत यसको ठूलो सम्भावना रहेको छ । पर्यटकीय गन्तव्यहरूको विविधिकरण गर्दै नयाँ पर्यटकीय स्थल र उपजहरूको पहिचान, विकास तथा पर्यटकीय पूर्वाधारहरूको विकास गरी पर्यटन उद्योगलाई प्रादेशिक अर्थतन्त्रको एक प्रमुख आधारको रूपमा विकास गर्न जरूरी देखिन्छ । पर्यटन प्रबर्द्धनको माध्यमबाट रोजगारीका अवसरमा वृद्धि गरी गरिबी न्यूनीकरण गर्दै जनताको जीवनस्तरमा सुधार गर्नु बाञ्छनीय छ । छिमेकी मुलुकहरूको मध्यम आय भएको ठूलो जनसङ्ख्या र उच्च आर्थिक वृद्धिबाट सृर्जित अवसरबाट लाभ प्राप्त गरी नेपालमा पर्यटन आगमन द्रुततर रूपमा वृद्धि हुने अधिक सम्भावना रहेको छ । यसबाट उच्च रोजगारी सिर्जना र आयको वितरणमा पनि सहयोग पुग्नेछ । पक्षेत्रको अर्थतन्त्रमा योगदान बढ्न सक्ने अवस्था रहे तापनि पर्यटनबाट आशातीत प्रतिफल प्राप्त हुन नसकिरहेको अवस्था विद्यमान छ। खासगरी पर्यटन पूर्वाधार विकास नहुनु, सांस्कृतिक र पर्यटकीय पूर्वाधारहरूको उचित ब्यवस्थापनमा कमी रहनुनै यस क्षेत्रका प्रमुख चुनौती रहेका छन।

प्रदेश सरकारले उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयको वृहत्तर कार्यक्षेत्रहरू मध्येको एक प्रमुख क्षेत्रका रूपमा रहेको पर्यटन लाई उच्च महत्व दिदैं विगतका आ.व.हरूमा झै यस आ.व. २०७८/७९ मा पनि पर्यटन संग सम्बन्धीत थुप्रै वार्षिक स्वीकृत कार्यक्रमहरू विनियोजन गरेको छ । यसरी विनियोजित कार्यक्रमहरू छिटो छरितो सम्पादनतथा सेवा प्रवाहका लागि मन्त्रालयबाट मातहतका कार्यालयहरूः प्रदेश पर्यटन विकास कार्यक्रम कार्यान्वयन एकाई, डिभिजन वन कार्यालयहरू र भू तथा जलाधार ब्यवस्थापन कार्यालयहरूमा अख्तियारी पठाईएको छ। उक्त कार्यक्रम तथा कृयाकलापहरुको कार्यान्वयनमा एकरूपताल्याइ एउटै खरिद प्रकृया तथा एउटै कार्य सञ्चालन बिधिबाट गर्न सकिने कृयाकलापहरुलाई समूहकृत गरी कार्यसञ्चालन गर्नसहज र प्रभावकारी सम्पादनकालागि यो कार्यविधि तयार गरिएको छ ।

## १. पर्यटन पूर्वाधार विकास तथा अन्य सार्वजनिक निर्माण संग सम्बन्धित योजनाहरू

क) उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयअन्तर्गत चालु आ.व.२०७८/७९मा स्वीकृत पर्यटन विकास सम्बन्धी पर्यटन पूर्वाधार तथा अन्य सार्वजनिक निर्माण लगायतका भौतिक पूर्वाधार निर्माणका कृयाकलापहरु तथा योजनाहरुमध्ये उपभोक्ता समिति/व्यवस्थापन समितिमार्फत सञ्चालन गरिने कार्यक्रमहरुको सार्वजनिक खरिद ऐन २०६३, सार्वजनिक खरिद नियमावली २०६४ र सुदूरपश्चिम प्रदेशको उपभोक्ता समिति गठन, परिचालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि, २०७६ अनुसारकार्य सञ्चालन तथा कार्य सम्पादन गरिनेछ ।अन्यको हकमा प्रचलित सार्वजनिक खरिद ऐन र नियमावली अनुसार सञ्चालन गरिनेछ ।

ख) एउटै प्रकृतिको काम गर्ने उपभोक्ता समिति(हरु) मौजुदा रहेको खण्डमा पुराना उपभोक्ता समितिहरु (जस्तै वन उपभोक्ता समिति,मन्दिर व्यवस्थापन समिति, खानेपानी उपभोक्ता समिति आदि) लाई नै प्राथमिकतामा राखी कामकाज गर्न सकिनेछ । तर सोको लागि सुदूरपश्चिम प्रदेशउपभोक्ता समिति गठन,परिचालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि, २०७६ अनुसार सम्बन्धीत लाभग्राही समुदायको बैठक बसी सो उपभोक्ता समितिलाई कामको जिम्मेबारी दिने भनीनिर्णय गरिएको हुनुपर्दछ ।

ग) कुनै पूर्वाधार विकास योजनाको विस्तृत परियोजना प्रतिवेदन(डिपिआर)तयार भईसकेको तर बहुवर्षीय योजनाको रुपमा नतोकिएको र डिपिआर बमोजिम कुल लागत रकम एकमुष्ट विनियोजन नभई आंशिक रुपमा बजेट रकम विनियोजन भएको अवस्थामा सालवसाली कार्यक्रमको रुपमा तोकिएको बजेटको परिधिभित्र रही उपभोक्ता समिति मार्फत कार्यसञ्चालन गर्न सकिनेछ । तर,सम्बन्धिीत निकायबाट बहुवर्षीय योजनाको रुपमा तोकिएको भएमा ठेक्का प्रकृयाद्वारा पूर्वाधार निर्माण कार्यक्रम सञ्चालन गरिनेछ ।

घ) विनियोजित कार्यक्रमहरुको लक्ष्य, उद्देश्य र स्वरूपमा फरक नपर्ने गरी आयोजना स्थलमा के कस्ता कृयाकलापहरु सञ्चालन गर्ने भन्ने विषयमा सम्बन्धिीत उपभोक्ता समिति तथा लाभग्राही समूहद्वारा पहिचान गरेबमोजिम प्राविधिकद्वारा लागत अनुमान तथा अध्ययनका आधारमा तय गरिनेछ । उपभोक्ता समितिमार्फत गरिने पूर्वाधार निर्माणको लागि आवश्यक जग्गा सम्बन्धित उपभोक्ता समितिले छलफल गरी निर्धारण गर्नेछ ।

ङ) निर्माण कार्य सम्पन्न भैसकेपश्चात अनुसूची१ र अनुसूची २ को ढाँचा बमोजिम क्रमशः फरफारक र पूर्वाधार हस्तान्तरण गरिनेछ । तत् पश्चात उक्त आयोजना/निर्माण कार्यको रेखदेख तथा मर्मत सम्भार गर्ने सम्पूर्ण जिम्मेबारी लाभग्राही समूहको हुनेछ ।विगतका वर्षहरुमा प्रदेश पर्यटन विकास कार्यक्रम कार्यान्वयन एकाई वा मन्त्रालय अन्तर्गतका अन्य निकायहरुबाट कार्यसञ्चालन भई फरफारक तथा पूर्वाधार हस्तान्तरण भइसकेका स्थानहरुमा समेत यस वर्ष कार्यक्रम सञ्चालन गर्नुपरेमा कृयाकलापहरु तथा कार्यएकाईमा दोहोरोपना नहुनेगरी सोही लाभग्राही समूहमार्फत उपभोक्ता समिति गठन गरीचालु आर्थिक बर्षमा विनियोजन भएका कार्यक्रमहरु सञ्चालन गर्न बाधा पर्ने छैन ।

च) यस कार्यविधिमा उल्लेख भएकोहकमा यसै कार्यविधि बमोजिम हुनेछ र उल्लेख नभएको हकमाप्रचलित कानून अनुसार हुनेछ । सामुदायिक वनभित्र पर्यापर्यटन हुने प्रकृतिका कार्यक्रमहरुको सवालमा "सामुदायिक वनमा पर्यापर्यटन प्रबर्द्धन कार्यविधि २०७५" बमोजिम कार्यान्वयन गर्न सकिनेछ ।

सूचक: कार्यसम्पन्न भएपछी कार्यसम्पन्न प्रतिवेदन, समितिको बैठकको निर्णय पूस्तिका, स्थानीय तहको सिफारिस पत्र, विल भरपाई, निर्माण कार्यको संरचना र सरोकारवालाहरु समेत स्पष्ट देखिने विभिन्न चरणका भिडियो तथा फोटोहरुसमेत संलग्न राख्नु पर्ने, आदि।

## २.सुदूरपश्चिम प्रदेशको पर्यटकिय स्थलको प्रचार प्रसारको लागि वृतचित्र निर्माण

यो कार्यक्रम यस प्रदेशका पर्यटकीय गन्तब्यहरूको जानकारी, विशेषता एवं आकर्षणहरू लाई समावेश गरी श्रब्यदृष्य मार्फत सुदूरपश्चिमपर्यटनको प्रचार प्रसार एवं प्रवर्द्धन गर्ने उद्देश्यले विनियोजन गरिएको हो । यस कार्यक्रम सञ्चालनको लागि कार्यान्वयन गर्ने निकायबाट कार्यक्षेत्रगत शर्तहरु र लागत अनुमान तयार गरी स्वीकृत गरी प्रचलित सार्वजनिक खरिद ऐन, नियमावली बमोजिम परामर्शदाता छनौट गरी परामर्श सेवा खरिद गरी कार्यक्रम सञ्चालन गरिनेछ ।

## ३.पर्यटन प्रवर्द्धनका लागि पत्रकारहरुलाई खप्तड भ्रमण कार्यक्रम

यो कार्यक्रम मार्फत यस प्रदेशका पत्रकारहरूलाई खप्तड को भ्रमण गराई मिडिया क्षेत्रका माध्ययमबाट खप्तडको प्रचारप्रसार एवं खप्तडमा पर्यटन प्रबर्द्धन गर्ने गराउने उद्देश्य रहेको छ । यस कार्यक्रमका लागि आवश्यक सहभागीहरूको छनौटकार्यमा सहजिकरण गर्नसुदूरपश्चिम प्रदेश पत्रकार महासंघ तथा प्रदेश पर्यटन पत्रकार महासंघसंग समन्वय गरिनेछ।

यस कार्यक्रम सञ्चालनको लागि कार्यक्रम कार्यान्वयन गर्ने निकाय मातहतका कर्मचारीहरुलाई कार्यदिश प्रदान गरी निजले पेश गरेको प्रस्तावना र लागत अनुमान स्वीकृत गरी कार्यक्रम सञ्चालन गर्न सकिने छ । सोको लागि कार्यदिश प्राप्त कर्मचारीले नियमानुसार दर्ता भएका टुर्स एण्ड ट्राभल एजेन्सीहरूबाट नियमानुसार दरभाउ माग गरी कार्यक्रमको ब्यवस्थापन गर्नसक्नेछ । यस शिर्षकमा विनियोजित बजेट रकमलाई सवारी भाडा, भ्रमणका सहभागीहरुको खाने बस्ने खर्च/दैनिक भ्रमण भत्ता, प्रवेश शुल्क, अन्य व्यवस्थापन खर्च आदि ।

**सूचक :** कार्यसम्पन्न प्रतिवेदन, भ्रमणका सहभागीहरुको उपस्थिति विवरण, विल भरपाई, प्रतिवेदनमा भ्रमण गरेको स्थानहरुमा भ्रमणका सहभागीहरु समेत स्पष्ट देखिने विभिन्न चरणका भिडियो, फोटोहरुसमेत संलग्न राख्नु पर्ने, आदि।

## ४.विश्व पर्यटन दिवस मनाउने

विश्वमा पर्यटनको महत्वका बारे जनचेतना फैलाउने उदेश्यले हरेक सेप्टेम्बर २७ मा विश्व पर्यटन दिवस मनाउने गरेको पाईन्छ । यस आ.व.मा पर्ने विश्व पर्यटन दिवस मनाउन सुदूरपश्चिम प्रदेशका पर्यटन क्षेत्रसंग सरोकार राख्ने सरकारी तथा गैह सरकारी संघ, संस्था एवं निजीि क्षेत्रको प्रतिनिधित्व हुने गरी एउटा समारोहको आयोजना गरेर सेप्टेम्बर २७ मा मनाईनेछ ।यो कार्यक्रम सञ्चालनको लागि कार्यक्रम कार्यान्वियन गर्ने निकाय मातहतका कर्मचारीहरुलाई कार्यदिश प्रदान गरी निजले पेश गरेको प्रस्तावना र लागत अनुमान स्वीकृत गरी कार्यक्रम सञ्चालन गरिनेछ ।

## ५.पर्यटन प्रवर्द्धनको लागि साइक्लिङ्

पर्यटन प्रवर्द्धनको लागि साइक्लिङ कार्यक्रमको मुख्य उदेश्य साईक्लिङ गतिविधिबाट सुदूरपश्चिमको पर्यटकीय महत्वका बारेमा प्रचारप्रसार गर्ने हो । यो कार्यक्रमलाई एउटा इभेन्टका रूपमा संचालन गरिनेछ । यसरी संचालन गर्दा साइक्लिङ तथा पर्यटन सम्बन्धी काम गर्ने विधिवत रूपमा दर्ता भएका विभिन्न संघ संस्थाहरूले समन्वय गर्ने गरी सहकार्य गर्न सकिने छ । कार्यक्रम संचालनका लागि कार्यक्रमको मोडल सहितको प्रस्तावना र सोको लागत अनुमान स्वीकृत गरी सोही बमोजिम कार्य संचालन गरीनेछ।यस कार्यक्रमबाट साईक्लिङ क्षेत्रका सेलीब्रेटीहरू, बाहिर बाट आमन्त्रीत अतिथिहरूको नियमानुसार खाने, बस्ने र यातायात खर्च ब्यहोर्न सकिनेछ। यसका अलावा टी-सर्ट, टोपी लगायतका प्रचार प्रसार सामग्रीहरू उत्पादन तथा वितरण गर्न सकिनेछ । यसैगरी इभेन्ट संचालनका लागि आवश्यक पर्ने भएमा बजेटको उपलब्धता हेरी साईकलहरू बहालमा लिन सकिनेछ ।यसका साथसाथै कार्यक्रमको उद्घाटन सत्र र समापन सत्रको खाजा नास्ता, पानी, स्वयंसेवक भत्ता आदि यो कार्यक्रम सफलतापूर्वक सञ्चालन गर्न आवश्यक परे बमोजिम स्वीकृत लागत अनुमानको परिधिमा रही खर्च गर्न सकिनेछ।

**सूचक :** कार्यसम्पन्न प्रतिवेदन, सहभागीहरुको उपस्थिति विवरण, विल भरपाई, प्रतिवेदनमा सहभागीहरु समेत स्पष्ट देखिने विभिन्न चरणका भिडियो, फोटोहरुसमेत संलग्न राख्नु पर्ने, आदि।

## ६.पर्यटन व्यवसायीहरुको समन्वयात्मक भ्रमण कार्यक्रम

यो कार्यक्रम मार्फत यस प्रदेशका पर्यटन ब्यवसायीहरूलाई अन्य प्रदेशका पर्यटन ब्यवासायीहरूसंग अन्तरकृया गराई अनुभव साटासाटको वातावरण सृजना गरी बिजनेश टु बिजनेश (B to B) समन्वय तथा प्रचारप्रसार गर्ने गराउने उद्देश्य रहेको छ । यस अन्तर्गत सुदूरपश्चिम प्रदेशका विभिन्न स्थानहरूमा रहेका पर्यटन व्यवसायीहरुलाई प्रदेशभित्र वा प्रदेश बाहिरका पर्यटकीय क्षेत्रहरुमा अवलोकन भ्रमणको व्यवस्था मिलाईनेछ । यस कार्यक्रम सञ्चालनको लागि कार्यक्रम कार्यान्वयन गर्ने निकाय मातहतका कर्मचारीहरुलाई कार्यदिश प्रदान गरी निजले पेश गरेको प्रस्तावना र लागत अनुमान स्वीकृत गरी कार्यक्रम सञ्चालन गर्न सकिने छ । सोको लागि कार्यदिश प्राप्त

कर्मचारीले नियमानुसार दर्ता भएका टुर्स एण्ड ट्राभल एजेन्सीहरूबाट नियमानुसार दरभाउ माग गरी कार्यक्रमको व्यवस्थापन गर्नसक्नेछ ।

**सूचक :** कार्यसम्पन्न प्रतिवेदन, भ्रमणका सहभागीहरुको उपस्थिति विवरण, बिल भरपाई, प्रतिवेदनमा भ्रमण गरेको स्थानहरुमा भ्रमणका सहभागीहरु समेत स्पष्ट देखिने विभिन्न चरणका भिडियो, फोटोहरुसमेत संलग्न राख्नु पर्ने, आदि।

## ७.पर्यटन व्यवसायीहरुलाइ टुर प्याकेज निर्माण तालिम

यो कार्यक्रममार्फत यस प्रदेशका पर्यटन ब्यवसायीहरू खास गरी टुर अपरेटरहरू लाई टुर प्याकेज निर्माण तालिम प्रदान गरी विभिन्न आकर्षक टुर प्याकेजहरू निर्माण गर्न सक्षम बनाउने उदेश्य लिइएकोछ । यो कार्यक्रम सञ्चालनको लागि कार्यक्रम कार्यान्वयन गर्ने निकाय अन्तरगतका कर्मचारीहरुलाई कार्यदिश प्रदान गरी निजले पेश गरेको प्रस्तावना र लागत अनुमान स्वीकृत गरी कार्यक्रम सञ्चालन गर्न सकिने छ । उक्त कार्यक्रम संचालनकालागि नेपाल टुरिज्म बोर्ड (NTB), पर्यटन र होटल व्यवस्थापन नेपाल एकेडेमी(NATHAM), KEEP Nepal, Tourism Development Society (TDS) लगायतका सरोकारवाला संस्थाहरूसंग समन्वय तथा सहकार्य गर्न सकिने छ। यस कार्यक्रमका लागि आवश्यक सहभागिहरू छनौटका लागि NATTA, Sudurpashchimसंग समन्वय गरिनेछ।

**सूचक :** कार्यसम्पन्न प्रतिवेदन, तालिमका सहभागीहरुको उपस्थिति विवरण, बिल भरपाई, प्रतिवेदनमा तालिममा सहभागी तथा प्रशिक्षकहरु समेत स्पष्ट देखिने विभिन्न चरणका भिडियो, फोटोहरुसमेत संलग्न राख्नु पर्ने, आदि।

## ८.होमस्टे संचालन सम्बन्धी प्रशक्षण कार्यक्रम

यस कार्यक्रमको मुख्य उदेश्य सुदूरपश्चिमका होमस्टे संचालन गरिरहेका वा प्रस्तावित होमस्टेका संचालकहरूको प्रशिक्षण मार्फत क्षमता अभिवृद्धी गर्नु हो । यस कार्यक्रम मार्फत होमस्टे संचालनका विभिन्न आयामहरू सम्बन्धी विषयबस्तुहरु समेटी सामुदायिक होमस्टेका पदाधिकारीहरुलाई तालिम प्रदान गरिनेछ ।यस कार्यक्रम सहभागिहरूछनौट गर्दा सकेसम्म अनुपितक रूपमा प्रदेशका सबै जिल्लाका होमस्टेहरु समेटिने गरी सहभागिहरु छनौट गर्नुपर्नेछ। यो कार्यक्रम संचालन गर्न कार्यक्रम कार्यान्वयन गर्ने निकायका कर्मचारीलाईकायदिश प्रदान गरी, प्रस्तावना, सत्र योजना तथा लागत अनुमान स्वीकृत गरी सञ्चालन गरिनेछ। विविध कारणले कर्मचारीहरुबाट सञ्चालन गर्न नसकिने भएमा प्रचलित सार्वजनिक खरिद ऐन तथा नियमावली बमोजिम गैरसरकारी संस्थाबाट कार्यक्रम संचालन गराउन सकिनेछ।

**सूचक :** कार्यसम्पन्न प्रतिवेदन, प्रशिक्षण कार्यक्रमका सहभागीहरुको उपस्थिति विवरण, बिल भरपाई, प्रतिवेदनमा प्रशिक्षार्थी तथा प्रशिक्षकहरु समेत स्पष्ट देखिने विभिन्न चरणका भिडियो, फोटोहरुसमेत संलग्न राख्नु पर्ने, आदि।

## ९.चिसापानी कैलाली, त्रिनगर नाका कैलाली, दार्चुला सदरमुकाम तथा गड्डाचौकी नाका कन्चनपुरमा पर्यटकीय सूचना सहितको डिस्प्ले बोर्ड स्थापना

यस कार्यक्रमको मुख्य उदेश्य सुदूरपश्चिमका मुख्य नाकाहरूमा डिजिटल डिस्प्ले बोर्ड मार्फत पर्यटकीयस्थलहरुको प्रचार प्रसार र पर्यटकहरूलाई जानकारीमुलक पर्यटकिय सूचना प्रदान गर्नु हो । यस कार्यक्रम सञ्चालनको लागि प्रचलित सार्वजनिक खरिद ऐन नियम अनुसार सेवा परामर्श खरिद गरी कार्यान्वयन गरिनेछ ।

**सूचक :** कार्यसम्पन्न प्रतिवेदन, डिजिटल डिस्प्ले बोर्ड स्थापना भएको विभिन्न चरणको फोटो, विल भरपाई, विभिन्न चरणका भिडियो संलग्न राख्नु पर्ने, आदि।

## १०.वातावरण संरक्षण तथा पर्यटन प्रबर्द्धन सम्बन्धी सन्देशमुलक भित्तेलेखन

प्रदेशका विभिन्न पर्यटकीय गन्तब्यहरू तथावातावरण मैत्री पर्यटकीय गतिविधिहरू लाई प्रोत्साहन हुनेखालका नारा, चित्र, चिन्ह, संकेत आदी समेटी डिजाईन गरेको भित्तेलेखनबाट वातावरण मैत्री पर्यटन प्रवर्द्धन टेवा पुर्याउनु यस कार्यक्रमको मुख्य उदेश्य हो ।

**सूचक :** विल भरपाई, भित्ते लेखन भएको फोटो संलग्न राख्नु पर्ने, आदि।

## ११. निजी क्षेत्रको सहकार्यमा पर्यटक सहायता कक्ष स्थापना र संचालन (चिसापानी कैलाली, गड्डाचौकी कन्चनपुर, त्रिनगर नाका कैलाली)

यस कार्यक्रमको मुख्य उदेश्य सुदूरपश्चिमका मुख्य नाकाहरूबाट प्रवेश गर्ने आन्तरिक तथा बाह्य पर्यटकहरूलाई प्रवेश विन्दुमै छिटो छरितो सूचना प्रवाह गर्नुका साथसाथै भित्रिएका पर्यटकहरूको तथ्यांक अद्यावधिक गर्ने हो । यस कार्यक्रम अन्तर्गत तोकिएका नाकाहरूमा सहायता कक्ष स्थापना गरी संचालनमा ल्याईने छ र सो का लागि पर्यटन व्यवसायसंग सम्बन्धित निजी क्षेत्रको प्रतिनिधिमुलक संस्थाहरू (जस्तैः होटल ब्यावसायसी संघ, उद्योग वाणिज्य संघ, नाट्टा आदि) संग सहकार्य गरिनेछ । यसरी सहकार्य गर्दा उपलब्ध बजेट र दुबै पक्षले गर्न सक्ने योगदान खुलाई समझदारी पत्र (Memorandum of Understanding) तयार गरी कार्यक्रम सञ्चालन गरिनेछ । यसका साथै कार्यक्रम सञ्चालन गर्दा प्रस्तावित स्थानहरुमा पर्यटन सहायता कक्ष स्थापना र सञ्चालनको लागि आवश्यकता अनुसार निम्नानुसारका कृयाकलापहरु गरिनेछन् :

- सहायता कक्ष स्थापनाको लागि पूर्वाधार निर्माण तथा मर्मत सम्भार गर्नुका साथै स्थानीय परिवेश र आवश्यकता अनुसार स्थायी वा अस्थायी किसिमका संरचनाहरु निर्माण गरी सञ्चालनमा ल्याउन सकिने छ।
- सहायता कक्षसञ्चालनको लागि आवश्यक पर्ने फर्निचर, टेवल, कम्प्युटर लगायतका अन्य मसलन्द सामाग्री खरिद ।
- सहायता कक्ष सञ्चालनको लागि आवश्यक पर्ने सूचना सामग्रीको उत्पादन ।

- सहायता कक्षमा रेखदेख र पर्यटकहरुलाई जानकारी दिनको लागि आवधिक रुपमा सहजकर्ताको व्यवस्थापन ।
- कार्यक्रम स्थलमा निर्माण भएका संरचना तथा उपकरण र अन्य सामाग्रीहरु आयोजना सम्पन्न भएपश्चात ब्यवस्थापन तथा संचालनका लागि सम्बन्धित स्थानीय तह वा पर्यटनसंग सम्बन्धित आधिकारिक सरोकारवाला संघ संस्था वा लाभग्राही समूहलाई हस्तान्तरण गर्न सकिनेछ ।
- सूचक : कार्यसम्पन्न प्रतिवेदन, पर्यटन सहायता कक्ष स्थापना भएको विभिन्न चरणको फोटो, विल भरपाई, विभिन्न चरणका भिडियो संलग्न राखु पर्ने, आदि।

## १२.प्रदेश पर्यटन गुरूयोजनाले सिफारिस गरेका महत्वपूर्ण आयोजनाहरूको डि पि आर निर्माण

यस कार्यक्रमको मुख्य उदेश्य प्रदेश पर्यटन गुरूयोजनाले सिफारिस गरेका महत्वपूर्ण आयोजनाहरूको डि.पि.आर. यसै आ.व.मा निर्माण गरी आगामी आ.व.का लागि कार्यान्वयन योग्य योजना तर्जुमामा टेवा पुर्याउनु हो । कार्यक्रम कार्यान्वयन गर्दा प्रचलित खरिद सम्बन्धी ऐन नियमको अधिनमा रही परामर्शदाता मार्फत कार्यान्वयन गरिनेछ ।

## १३. विशेषज्ञवाट लिइने परामर्श सेवा (विज्ञ र सल्लाहकार सेवा)

कार्यक्रम संचालन गर्ने निकायले स्वीकृत वार्षिक कार्यक्रमहरू संचलान गर्न आवश्यकता अनुसार कार्यक्षेत्रगत शर्तहरू (TOR) तयारी, प्रस्तावना तयारी, लागत अनुमान तथा डिजाइन तयारी, प्रकाशनसम्बन्धी मस्यौदा तयारी, सार्वजनिक खरीद कार्यमा प्राविधिक सहयोग आदि कार्य गर्न स्वीकृत बजेटको परिधिभित्र रही एक पटक वा पटक पटकगरी विशेषज्ञबाट परामर्श सेवा लिन सकिने छ । यसरी विज्ञ तथा सल्लाहकार सेवा लिन आवश्यकता पुष्ट्याइ गरी सोको कार्यक्षेत्रगत शर्तहरू (TOR) तथा लागत अनुमान तयार पारी स्वीकृत गरी प्रचलित सार्वजनिक खरीद ऐन तथा नियमावली बमोजिम विशेषज्ञ परामर्श सेवा खरीद गर्न सकिनेछ ।

## १४. कन्चनपुर जिल्लाको महेन्द्रनगर स्थित मजगाउँ विमानस्थलको मर्मत सम्भार (संघीय सरकार प्रदेश सरकार र स्थानीय सरकारको त्रिपक्षीय साझेदारीमा)

संघीय सरकार, प्रदेश सरकार र स्थानीय सरकारको त्रिपक्षीय साझेदारीमा कन्चनपुर जिल्लाको मजगाउँ विमानस्थल मर्मत सम्भार गरी संचालनमा ल्याउनु यस कार्यक्रमको उद्देश्य रहेको छ । यस कार्यका लागि प्रदेश सरकारले प्रतिवद्धता गरे बमोजिमको ८ करोड ७५ लाख रूपैयाँ विनियोजन भएको छ । सोही समझदारिपत्र बमोजिम नेपाल नागरिक उड्डयन प्राधिकरणले लगाएको ठेक्का अनुसार खर्च गर्ने गरी सो रकम उक्त प्राधिकरणको खातामा जम्मा गरिनेछ ।

## १७. सुदुरपश्चिम प्रदेशको प्रदेश पर्यटन गुरुयोजना निर्माण ठेक्काको बाँकि भुक्तानी

सुदूरपश्चिम प्रदेशको प्रदेश पर्यटन गुरुयोजना निर्माण कार्यका लागि गत आ.व. २०७७।०७८ मा प्रचलित कानुन बमोजिम परामर्शदाता छनौट भई सम्झौताो अनुरूप कार्य संचालन गर्दा कोरोना भाईरसले निम्त्याएको महामारीले गर्दा देशभर भएको लकडाउन एवं असहज परिस्थितिका कारण सोही आ.व. भित्र गुरूयोजनाको अन्तिम प्रतिवेदन पेश गर्न नसकेकोले उक्त कार्यलाई निरन्तरता दिँदै चालु आ.व. मा सुदूरपश्चिम प्रदेशको प्रदेश पर्यटन गुरुयोजना तयार गरी अन्तिम दस्तावेज पेश गरेमा परामर्शदाता लाई भुक्तानी हुन बाँकी रकम भुक्तानी गरिनेछ ।

***

# अनुसूची १

प्रदेश सरकार

सुदूरपश्चिम प्रदेश

उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय

.......................................................

......................................... ।

## पर्यटन पूर्वाधार फरफारक फाराम

१.आयोजनाको नाम :

२. आयोजनाको लागतः

क) सम्बन्धितमन्त्रालयवाइकाई वाकार्यालयको तर्फबाट : रु ............................

ख) उपभोक्ता समितिको तर्फबाट : रु ............................

३. उपभोक्ता समितिको नाम :

दर्ता नं. (भएमा) दर्ता गर्ने कार्यालय (भएमा) :

PAN नम्बर (भएमा) :

४. लाभान्वित जनसंख्या :

५. आयोजना संचालन शुरु भएको मिति (सम्झौता मिति) :

६. अन्तिम किस्ता बापत भुक्तानि हुन बाँकी रकम रु .

७. अन्य विवरण :

उपरोक्त बमोजिम ................................... उपभोक्ता समितिबाट ................................... आयोजना सम्पन्न भएकाले उक्त कार्यको जम्मा भुक्तानि वाफतको रकम रु. ................................अक्षेरुपी ........................................ भुक्तानी गरी फरफारक हुन सिफारीस गरेको छु ।

सम्बन्धितप्राविधिक (स.ई.) को नाम :

दस्तखत :

मिति :

प्राविधिकको सिफारिस बमोजिम अन्तिम किस्ता बापत रु. ............. अक्षेरुपी ................ ..भुक्तानी गरी फरफारक हुन सम्बन्धित विल भर्पाई यसै साथ संलग्न गरी पेश गरेको छु ।

उपभोक्ताको तर्फबाट

अध्यक्षको नाम :

दस्तखत :

सचिवको नाम :

दस्तखत :

मिति :

# अनुसूची २

प्रदेश सरकार

सुदूरपश्चिम प्रदेश

उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय

.................................................................

**पर्यटन पूर्वाधार हस्तान्तरण फाराम**

१. आयोजनाको नाम तथा स्थलको ठेगाना :

२. सम्झौता अनुसार सम्पन्न गरिएका मुख्यकार्यहरु :

क)

ख)

ग)

घ)

३. आयोजनाको लागतविवरण ः

क) कुललागत

ख) प्रदेश सरकारबाट विनियोजित रकम रु .

ग) स्थानीय जनश्रमदानबाट रु.

जम्मा लागत :

४. आयोजनाबाट लाभान्वित हुने :

क) घरपरिवार संख्या :

ख) जनसंख्या :

ग) अन्य (वर्ग वा समुदाय) :

५. उपभोक्ता समितिका पदाधिकारी :

क)

ख)

ग)

घ)

ङ)

च)

छ)

६. आयोजना फरफारक भएको मिति :

७. आयोजना मर्मत सम्भार गर्ने आवश्यक स्रोत स्पष्टगर्ने :

८. हस्तान्तरण शर्तहरु :

क) सम्पन्न ......................................आयोजनाको स्थानीय श्रमदानबाट हुने मर्मत सम्भार नियमित रुपले गर्नु पर्नेछ ।

ख) आयोजनाबाट लाभान्वित व्यक्तिहरुबाट उपभोक्ता समितिले तोके बमोजिम दस्तुर उठाउन सक्नेछ र प्रचलित कानुनले निषेध गरेको कर आदि लिन पाईने छैन ।

ग) आयोजनाबाट प्रत्यक्ष लाभान्वित व्यक्तिबाट उपभोक्ता समितिले उठाएको रकममर्मत सम्भारमा लगानी गर्नु पर्नेछ ।

घ) अन्य

उपभोक्ता समितिको तर्फबाट सम्बन्धितकार्यालयको तर्फबाट

अध्यक्षको नाम :

दस्तखतः

मिति : प्रमुखको नामः

दस्तखत :

मिति :

रोहवर :

१) रोहवर :

१)